स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष -१३ , अंक-४ २०८२ साउन २६ , सोमवार August - 11 , 2025 मुल्य रु.- १० । janatapatra.com

# कोदारी राजमार्ग चार दिनदेखि अवरुद्ध, तातोपानी नाकाको व्यापार ठप्प



**आवश्यक औषधि, खाद्यान्न र आपत्कालीन सामग्री बोकेका सवारीसाधनसहित एम्बुलेन्सजस्ता जीवनरक्षक साधनहरू समेत बाटोमै रोकिएका छन्। पहिरोको भित्रपट्टि रहेको भोटेकोशी नदीको बहावले सडक भासिने क्रम जारी रहेकोले स्थिति अझ चुनौतीपूर्ण बनेको छ।**

जनतापत्र, भोटेकोशी

भोटेकोशी गाउँपालिकास्थित कोदारीको इकु भीरमा खसेको पहिरोका कारण अरनिको राजमार्ग चार दिनदेखि पूर्ण रूपमा अवरूद्ध छ।

आइतबारदेखि निरन्तर झरिरहेको पहिरोका कारण सडकमा सवारी आवागमन ठप्प भएको हो।

उत्तरी नाका तातोपानी हुँदै सञ्चालन हुने यो राजमार्ग नेपाल-चीन व्यापारका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ। तर, हरेक वर्ष मनसुनमा सक्रिय हुने इकु भीरको पहिरो समस्या अहिलेसम्म दीर्घकालीन रूपमा समाधान हुन सकेको छैन।

सडक विभागका अनुसार निरन्तर प्रयास गरिए पनि अविरल वर्षा, भासिएको सडक र जोखिमयुक्त भूगोलका कारण पहिरो पन्छाउने काममा कठिनाइ आइरहेको छ। डिभिजन सडक कार्यालयका प्रमुख अमित श्रेष्ठले दिनरात काम भइरहेको भए पनि पहिरो हटाउन समय लाग्ने बताएका छन्।इकु पहिरोको कारण तातोपानी नाकाबाट नेपाल प्रवेश गर्ने दर्जनौं मालवाहक कन्टेनर खासा र लिपिङमा रोकिएका छन्।

यसले चीनसँगको दैनिक व्यापारमा गम्भीर असर पारेको छ।

साथै, आवश्यक औषधि, खाद्यान्न र आपत्कालीन सामग्री बोकेका

सवारीसाधनसहित एम्बुलेन्सजस्ता जीवनरक्षक साधनहरु समेत बाटोमै रोकिएका छन्। पहिरोको भित्रपट्टि रहेको भोटेकोशी नदीको बहावले सडक भासिने क्रम जारी रहेकोले स्थिति अझ चुनौतीपूर्ण बनेको छ।

इकु क्षेत्रको भूगोल र हरेक वर्षको पहिरो इतिहास हेर्दा अल्पकालीन मर्मतले मात्र समस्या समाधान नहुने प्रस्ट छ। सडक विभाग र स्थानीय निकायले यसलाई दीर्घकालीन समाधानको रूपमा लिनु आवश्यक देखिन्छ।

# बहुविवाहसम्बन्धी संशोधनको विरोधमा ज्ञापनपत्र

जनतापत्र, चौतारा

बहुविवाहसम्बन्धी कानुन संशोधन प्रस्तावको विरोधमा नागरिक समाजले प्रमुख जिल्ला अधिकारी (प्रजिअ) बन्धुप्रसाद बास्तोलालाई औपचारिक ज्ञापनपत्र बुझाएको छ। ज्ञापनपत्रमार्फत प्रस्तावित संशोधन सामाजिक दृष्टिले विभेदकारी, लैङ्गिक असमानता बढाउने र महिलाविरूद्धको हिंसालाई कानुनी रूपमा संरक्षण दिने प्रयास भएको उल्लेख गरिएको छ

ज्ञापनपत्रमा भनिएको छ, "यो संशोधनले महिला र मानव अधिकारमा प्रतिकूल प्रभाव पार्ने भएकाले तुरून्त फिर्ता लिनु अत्यावश्यक छ।" नागरिक समाजले बहुविवाहलाई केवल कानुनी हैन, सामाजिक र नैतिक हिसाबले पनि आपत्तिजनक मान्दै आएको छ। प्रजिअ बास्तोलाले ज्ञापनपत्र ग्रहण गर्दै यस विषयमा सम्बन्धित निकायमा आवश्यक जानकारी पुर्‍याउने प्रतिबद्धता जनाए। साथै, उनले नागरिक समाजको सक्रियतालाई सकारात्मक रूपमा लिँदै स्थानीय तहदेखि केन्द्रसम्म लैङ्गिक समानता र सामाजिक न्याय प्रवर्द्धन गर्न यस्तो आवाज महत्त्वपूर्ण हुने बताए।

त्यसैदिन आयोजित पत्रकार भेटघाट कार्यक्रममा नव नियुक्त प्रमुख जिल्ला अधिकारी बास्तोलाले जिल्लामा पहिरो र बाढीको जोखिम बढिरहेको जनाउँदै, पालिकाहरूलाई समयमै तयारी गर्न निर्देशन दिइएको जानकारी दिए।

"मौसम पूर्वानुमानलाई भरपर्दो मान्दै, विपद् व्यवस्थापनमा सक्रियता बढाउनेछौं," उनले भने। साथै, सूचना र सेवा प्रवाहमा पारदर्शिता र सहज पहुँचलाई प्रथम प्राथमिकता दिने प्रतिबद्धता पनि व्यक्त गरे। सूचना अधिकारीमार्फत सरल र विश्वसनीय जानकारी उपलब्ध गराइने स्पष्ट पार्दै, उनले नागरिकसँगको सहकार्यलाई अझ बलियो बनाउने बताएका छन्।

# पाँचपोखरी–भैरवकुण्ड यात्रामा लापरवाहीः प्रशासन मौन, तीर्थालु हैरान



जनतापत्र, पाँचपोखरी

सिन्धुपाल्चोकको पाँचपोखरी र भैरवकुण्ड–दुवै धार्मिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थल हुन्। समुन्द्र सतहबाट क्रमशः ४,१०० मिटर र ४,२०० मिटर उचाइमा अवस्थित यी तीर्थस्थलहरु जनै पूर्णिमा लगायत विभिन्न अवसरमा हजारौं भक्तजन र पर्यटकको गन्तव्य बन्छन्।

यी गन्तव्य पुग्न झन्डै तीन दिनको कठिन पदयात्रा गर्नुपर्छ। बाटोमा पक्की संरचनाको अभाव र विश्राम स्थलको सीमितता हुँदा अधिकांश यात्रु चौरी गोठ, टहरो वा अस्थायी पसलहरूमा रात बिताउन बाध्य हुन्छन्। यस्तो अवस्थामा तीर्थालु र पर्यटकको सुरक्षा, सेवा र सुविधा सुनिश्चित गर्नु सरकार र स्थानीय निकायको जिम्मेवारी हो कि होइन भन्ने

पेज नं ४

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## नारीको सक्रियतामा नयाँ समाजको सम्भावना

आजको युग समानताको युग हो। सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रहरूमा समावेशिता सुनिश्चित नगरी कुनै पनि राष्ट्रको दिगो विकास सम्भव छैन। विशेष गरी महिलाहरूको सक्रिय सहभागिता र उनीहरूलाई प्रदान गरिने समान अवसर नै समावेशी समाजको मेरुदण्ड हो। नेपालजस्तो विकासशील राष्ट्रमा महिलाहरू कुल जनसंख्याको झन्डै आधा हिस्सा ओगटिरहेका छन्। तर, उनीहरूको योगदानलाई अझैसम्म पर्याप्त रुपमा मूल्याङ्कन गरिएको देखिँदैन। पारिवारिक, सामाजिक तथा संस्थागत स्तरमा महिला सहभागितामा अवरोध सिर्जना हुने गरेको तथ्य सर्वविदित छ। परम्परागत सोच, शिक्षा र अवसरको अभाव, तथा लैङ्गिक विभेदका कारण महिलाहरू पछाडि पारिँदै आएका छन्। यथार्थमा, महिला सहभागिता कुनै विशेष अधिकार मात्र होइन, समग्र सामाजिक प्रगतिका लागि अपरिहार्य आधार हो। जब महिलालाई शिक्षा, स्वास्थ्य, रोजगार र नेतृत्वका क्षेत्रमा समान अवसर प्रदान गरिन्छ, तब मात्र समाज सन्तुलित, समावेशी र न्यायपूर्ण बन्छ। नेपालको संविधानले महिलालाई समान अधिकार सुनिश्चित गरेको छ। महिला आरक्षण, लैङ्गिक समानताको कानुन, तथा महिलामैत्री कार्यक्रमहरू सरकारद्वारा सञ्चालन गरिएका छन्। तर व्यवहारमा ती कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण छ। नीति र कार्यान्वयनबीचको खाडल पूर्ति नगरेसम्म महिला सहभागिता सतही मात्र रहनेछ।

विचारपत्र

# निष्ठाबिनाको संवैधानिक अभ्यासको परिणाम

गणेशदत्त भट्ट

मुलुकको संवैधानिक राजनीति सही रूपमा कोरिएर मात्र हुँदैन, त्यसलाई कार्यान्वयनमा लैजाने जिम्मेवारीमा रहेका एक्टरले संविधानका अक्षर र भावनाअनुरूप काम गर्न पनि सक्नुपर्छ। लोकतन्त्रलाई संस्थागत गर्ने जिम्मेवारीमा रहेको नेतृत्व तह योग्य, इमानदार, जनताप्रति उत्तरदायी र नैतिक हुँदा मात्र लोकतन्त्रले संस्थागत हुने अवसर पाउँछ। ह

ोइन भने मुलुक सदैव संवैधानिक/राजनीतिक तरलताको स्थितिमा रहन्छ। सदैव सत्तालाई मात्र ध्यानमा राखेर राजनीति गर्ने, स्वार्थ केन्द्रित र गुट केन्द्रित नेतृत्वले मुलुकलाई त बिगार्छ बिगार्छ, एक दिन राजनीतिक रूपमा आफैंलाई पनि समाप्त गर्दछ।

सस्तो लोकप्रियतामा आधारित राजनीति र 'रेडिकल' सोचले व्यवस्था र समाजलाई खति मात्र पुऱ्याउँछ।

राज्य सञ्चालकहरू त अरूभन्दा बढी योग्य, भिजनरी र जिम्मेवार हुनु जरुरी हुन्छ। जिम्मेवारीमा गएपछि सिक्ने र राज्य सञ्चालन गर्ने भन्ने कुराबाट अब चल्दैन। राज्य सञ्चालनको हरेक तह र तप्कामा रहेका व्यक्तिमा लोकतन्त्र र विधिको शासनका मूल्य मान्यताप्रतिको बलियो प्रतिबद्धताबिना मुलुकको संवैधानिक राजनीतिले सार्थकता र स्थायित्व पाउन सक्तैन।

विगतमा राजनीतिक तहमा लोकतन्त्र र संवैधानिक अभ्यासप्रतिको प्रतिबद्धता र इमानदारीको अभाव देखियो।

मुलुकप्रति, संविधानप्रति र नेपाली जनताप्रति समर्पणको अभाव देखियो। संविधानलाई सुरक्षित रूपमा विकास गर्दै कसरी अगाडि बढ्नुपर्छ भन्ने चेतनाको अभाव देखियो।

जसका कारण, जिम्मेवार रूपमा राजनीतिक अभ्यास हुन सकेन र मुलुकले एकपछि अर्को संवैधानिक/राजनीतिक अस्थिरताको स्थिति व्यहोनुपर्ने अवस्था आयो।

अब पनि मुलुकमा जिम्मेवार राजनीतिक अभ्यास नहुने हो, विगतमा गरिएका कमी कमजोरीबाट पाठ नसिक्ने हो, देशमा सुशासन कायम गरी आम जनसमुदायलाई विश्वासमा लिने स्थिति नबन्ने हो र डेलिभरी दिन नसक्ने हो भने देशको राजनीतिक स्थायित्वका बारेमा यसै भनिहाल्न सक्ने स्थिति छैन। २००७ सालको राजनीतिक परिवर्तन एउटा युगान्तकारी परिवर्तन थियो।

नेपाली समाजको हरेक तह र तप्काका आम जनसमुदायको सहभागितामा भएको त्यस परिवर्तनले राष्ट्रिय एकताको बलियो आधार निर्माण गरेको थियो।

जनताको सहमति, सहभागिता र निर्णायकत्वमा राज्य सञ्चालनको आधार हुने कुरालाई त्यस परिवर्तनले नै नेपालको इतिहासमा पहिलो पटक स्थापित गरेको थियो।

दुर्भाग्यवश ! २००७ सालको परिवर्तनको एउटा प्रमुख परम्परागत शक्ति राजसंस्था र सत्ता एवं शक्तिको राजनीतिलाई मात्र आफ्नो अभीष्ट ठान्ने केही अवसरवादी तथा प्रतिक्रियावादी व्यक्तिको अराजनीतिक र प्रतिगमनकारी सोचका कारण २००७ सालको ऐतिहासिक परिवर्तनको उपलब्धिलाई संस्थागत गर्न सकिएन। परिवर्तनका लागि लड्नेहरूको गलत भूमिकाका कारण नै परिवर्तन पराजित हुन पुग्यो। २००७ सालको क्रान्तिको घोषणाको मान्यतामा संविधान बन्न नसक्ने स्थिति सिर्जना गरिएपछि २०१५ सालमा राजा महेन्द्रले आफू राज्यशक्तिमा निर्णायक रहिराख्ने उद्देश्यका साथ नेपाल अधिराज्यको संविधान, २०१५ जारी गरे।

धेरै हदसम्म लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गरेको त्यस संविधानलाई अभ्यासद्वारा संस्थागत गर्न सकिन्छ भन्ने मान्यतामा देशका सबै राजनीतिक दलले स्वीकार गरे। त्यसै संविधानअन्तर्गत घोषणा भएको पहिलो आमनिर्वाचनमा सबै प्रमुख राजनीतिक दल सहभागी भए।

नेपालको प्रमुख राजनीतिक दल नेपाली कांग्रेसले निर्वाचनमा दुईतिहाइ बहुमत ल्याउन सफल भयो। जनताबाट निर्वाचित जनप्रतिनिधिको सहभागितामा लोकप्रिय प्रभावशाली सरकारको गठन भयो। यसरी गठन भएको सरकारले प्रभावकारी र वैधानिक रूपमा काम गरिरहेको अवस्था थियो।

आफैंले घोषणा गरेको संविधानको परिधिभित्र आफैं बस्न नचाहने अराजनीतिक सोच, बाह्य उक्साहट र केही अवसरवादी प्रतिगमनकारी व्यक्तिको स्वार्थमा व्यापक जनादेशका साथ गठन भएको उक्त लोकप्रिय सरकारलाई १८ महिना पनि पुग्न नपाउँदै २०१७ पुस १ मा गैरसवैधानिक रूपमा अपदस्थ गरियो।

राजा महेन्द्रले सम्पूर्ण राज्यशक्ति आफ्नो हातमा लिए। आफैंले जारी गरेको संविधानलाई निलम्बन गरे।

राजा महेन्द्रको उक्त गैरसंवैधानिक कदमले नेपाललाई लोकतन्त्रप्रति प्रतिबद्ध, लोकप्रिय, भिजनरी र जिम्मेवार लिडरबाट मात्र वञ्चित गरेन कि लोकतन्त्र संस्थागत रूपमा सुदृढ हुने र मुलुकको सर्वाङ्गीण विकास हुन सक्ने ऐतिहासिक अवसरबाट समेत वञ्चित गराइयो। जनताको सहभागितामा होइन, राजाको सक्रिय नेतृत्वमा मात्र देश विकास सम्भव छ भन्ने गलत भाष्यमा देशले ३० वर्षको महत्त्वपूर्ण समय खेर फाल्यो। ि

वशेषगरी २०३३ सालमा बीपी कोइराला राष्ट्रिय मेलमिलापको नीति लिई स्वदेश फर्किसकेपछि सम्पन्न जनमत संग्रहको परिणामसमेतलाई ध्यानमा राखी पञ्चायती संविधानको तेस्रो संशोधनका माध्यमबाट मुलुकलाई लोकतन्त्र पुनःस्थापनाको दिशामा अगाडि बढाउने अवसर राजा वीरेन्द्रलाई थियो।

अर्थात् आफ्ना पिताद्वारा चालिएको गलत कदमलाई सच्याई मुलुकलाई लोकतान्त्रीकरणको बाटोमा अग्रसर गराउने अवसर थियो। तर, उनले त्यसो गर्न चाहेनन् र २०४६ सालसम्म मुलुकले निर्दलीय पञ्चायती व्यवस्था नै व्यहोर्न बाध्य भयो।

शान्तिपूर्ण र राष्ट्रिय सहमतिका आधारमा लोकतन्त्र पुनःस्थापना हुने अवसर यहाँ पनि गुम्न गयो। मुलुक भारतको आर्थिक नाकाबन्दीमा रहेको अवस्थामै २०४६ सालको जनआन्दोलनको घोषणा भयो।

२०४६ सालको राजनीतिक परिवर्तनको सफलतापछि त्यसलाई संस्थागत गर्ने उद्देश्यले देशका प्रमुख राजनीतिक शक्तिबीचको सहमतिमा नेपाल अधिराज्यको संविधान, २०४७ जारी गरियो। उक्त संविधान र संवैधानिक व्यवस्थाविरुद्ध २०५२ सालबाट देशमा सुरु भएको हिंसाको राजनीति र २०५९ माघ १९ को राजाबाट भएको प्रत्यक्ष शासनको असंवैधानिक घोषणालाई सम्बोधन गर्ने मान्यतामा जुन संविधानअन्तर्गत प्रतिनिधिसभा पुनःस्थापित भयो, त्यसको राजनीतिक घोषणाद्वारा त्यस संविधानलाई खारेज गर्ने काम भयो। यहाँ पनि, संविधानको कार्यान्वयन र पालना गर्नुपर्ने राजा र राजनीतिक दलमा देखिएको गम्भीर विचलनले नेपाल अधिराज्यको संविधान, २०४७ समाप्त भयो।

संविधानका कतिपय कमजोरीका बाबजुद व्यापक सहमतिको दस्ताबेजका रूपमा क्रियाशील, जनताबाट पटक-पटकको मतदानद्वारा अनुमोदित, जनताका निर्वाचित प्रतिनिधिद्वारा आत्मसात् गरिएको २०४७ को संविधानलाई तत्कालीन राजनीतिक नेतृत्वको अग्रपंक्तिले नै त्यसको कुनै संशोधन नगरी त्यसलाई समाप्त गर्दै नेपालको अन्तरिम संविधान, २०६३ को घोषणा गऱ्यो।

२०६२/०६३ को राजनीतिक परिवर्तनपछि, त्यस परिवर्तनलाई संस्थागत गर्ने उद्देश्यले २०७२ सालमा 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन' व्यवस्थाको मान्यता बोकेको नेपालको संविधान जारी भएको पनि १० वर्ष पुग्न लागिसक्यो।

यस अवधिमा दुईपटक सफलतासाथ सम्पन्न आवधिक निर्वाचनले वैधानिक रूपमा राज्य सञ्चालनको आधार निर्माण गरेको छ। मुलुकको समग्र शासन व्यवस्था जनताबाट निर्वाचित भएका जनताका प्रतिनिधिले सञ्चालन गर्ने वैधानिक अवस्थाको सिर्जना भएको छ। सामान्यतः लोकतन्त्रको सुदृढीकरणका लागि यो ठूलो उपलब्धि हो।

विविधतामा आधारित नेपाली समाजका चुनौतीलाई सम्बोधन गर्न, मुलुकलाई अझै बढी लोकतान्त्रीकरणको दिशामा अघि बढाउँदै न्यायपूर्ण समाजको निर्माणका लागि नेपालको संविधानले आत्मसात् गरेको 'बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली' मुलुकका लागि उपयुक्त राजनीतिक प्रबन्ध हो।

संयमित भएर यसको प्रभावकारी कार्यान्वयन गर्नुको विकल्प नेपालसँग छैन। प्रजातन्त्र/लोकतन्त्रको स्थापनापछि मुलुकले हरेक क्षेत्रमा व्यापक उन्नति र प्रगति नगरेको होइन।

१० वर्षसम्मको सशस्त्र विद्रोहको स्थिति, महाभूकम्प, नाकाबन्दी र कोभिडको प्रकोप यस अवधिमा मुलुकले व्यहोर्नु नपरेको भए देशले हरेक क्षेत्रमा अझै बढी विकास र सुधार गर्न सक्ने अवस्था थियो।

तर अहिले विगतका यी अप्ठ्यारालाई देखाएर कसैलाई पनि आश्वस्त पार्न सकिने अवस्था भने छैन।

त्यसकारण, संविधानको कार्यान्वयनको जिम्मेवारीमा रहेका राज्यका प्रमुख अंग र संयन्त्रहरूले प्रभावकारी रूपमा काम गर्न सक्नुपऱ्यो। आवश्यक कानुन, नीति र कार्यक्रम यथासक्य चाँडो बन्नुपऱ्यो र तिनको प्रभावकारी कार्यान्वयनमा राज्यको ध्यान जानुपऱ्यो।

बाकी पेज नं ८ मा

# धातु मूर्तिकला र आभूषण कला

प्राडा भोला थापा

नेपाल तथा दक्षिण एसियाली राष्ट्हरूमा ढलौटसम्बन्धी इतिहास पुरानै हो । मल्लकालदेखि ठडिएर रहेका ठुला घण्टा र पुराना मूर्तिहरूले त्यसलाई उजागर गर्छ ।

आर्ट एन्ड डिजाइनको शिक्षकहरूमध्ये मूर्तिकार तथा कला शिक्षक तेजेशमान शाक्यसँग नजिकै रहेर धेरै काम गर्ने अवसर पाएँ । परम्परागत मूर्तिकारको परिवारमा जन्मेर नियमित अध्ययन अध्यापनमा रुचि राख्नुभएकोले उहाँले काठमाडौं विश्वविद्यालयबाट ब्याचलर उत्तीर्ण गरी त्रिभुवन विश्वविद्यालयबाट कला इतिहासमा मास्टर्स अध्ययन गर्नुभएको छ ।

उहाँको निरन्तर अध्ययनप्रति अभिरुचि र मूर्तिकलामा नयाँ नयाँ प्रयोग तथा उहाँको समर्पणले गर्दा उहाँसँग हातेमालो गर्दै नेपालको धातु मूर्तिकलाको इतिहास खोतल्न, त्यसलाई लिपिवद्ध गर्न र धातुजन्य पदार्थको उपयोग गरी आधुनिक सरसामान बनाउन र इन्जिनियरिङ पार्टपूर्जासमेत बनाई विकासमा सहभागी हुन सक्ने सम्भावना देखेर सँगै मूर्तिकला अनुसन्धानमा लाग्ने र स्कुल अफ आर्ट तथा स्कुल अफ इन्जिनियरिङको संयुक्त कार्यक्रम पिएचडी तहमा सुरू गर्ने विषयमा विभिन्न चरणमा छलफल भएको थियो ।

आर्ट र इन्जिनियरिङमा संयुक्तरूपमा अनुसन्धानात्मक शैक्षिक कार्यक्रम सुरु गर्न विभागीय तथा स्कुल तहमा विभिन्न छलफल तथा पत्राचार पनि गरियो । मैले मेकानिकल इन्जिनियरिङका धेरै समूहलाई 'मेटेरियल साइन्स' विषय पढाएको छु ।

त्यस कोर्समा 'फलामबाहेकका धातुहरू' भन्ने विषय पनि पढाइन्छ । नेपालमै परम्परागत रूपमा प्रयोग हुँदै आएको तामा, पित्तल र काँसबारे पढाउने गरेको भए पनि तिनको इतिहासबारे खासै ज्ञान थिएन ।

परम्परागत तरिकाहरूको सतही ज्ञान भए पनि विशेषज्ञता नभएकोले मनमनै ग्लानी भइरहन्थ्यो । नेपाल तथा दक्षिण एसियाली राष्ट्हरूमा ढलौटसम्बन्धी इतिहास पुरानै हो । मल्लकालदेखि ठडिएर रहेका ठुला घण्टा र पुराना मूर्तिहरूले त्यसलाई उजागर गर्छ ।

मैले प्राध्यापकहरू करुणाकर वैद्य र छविलाल गजुरेलले लेख्नुभएको 'ट्रेडिसनल आर्ट एन्ड काफ्ट्स अफ नेपाल' बाहेक पित्तल तथा काँसको ढलोटबारे आधिकारिक पुस्तक पढेको पनि छैन र आधिकारिक जर्नलहरूमा यससम्बन्धी लेखहरू पनि खासै पाएको छैन ।

यस सम्बन्धमा आफैँलाई अध्ययन गर्न मन लागेर तेजेशजीसँग सम्पर्क गर्दा उहाँले पनि आफ्ना पिता तेजरत्न शाक्यसँग छलफल गरी मलाई जानकारी गराउनु भयो । त्यसकारण नेपालमा अझै जिउँदो इतिहासहरू हुन सक्ने र ती इतिहासलाई वैज्ञानिक रूपमा अध्ययन अनुसन्धान गरेर लिपिबद्ध गर्नु आवश्यक ठानेको छु ।

परम्परागत ज्ञान र सीपलाई आधुनिक विज्ञान र इन्जिनियरिङमा ढाल्न सक्ने क्षमता मैले तेजेशजीमा देखेको छु ।

तेजेशमान शाक्य र कीर्तिकौशल जोशीले डा.सुरेशराज शर्मा परिवारद्वारा काठमाडौं विश्वविद्यालय परिसरमा स्थापित सरस्वतीको मूर्तिको डिजाइन तथा निर्माणमा प्रयोग गर्नुभएको विधि र प्रविधि हेर्दा उहाँहरू यस विषयमा पिएचडी तथा मास्टर्स तहमा अनुसन्धान गर्न रुचि भएको हुनुहुन्छ जस्तो लाग्यो र उहाँहरूसँग सहकार्य गर्ने निर्णय गरेँ ।

काठमाडौं विश्वविद्यालय अरू शैक्षिक संस्थाहरूभन्दा उदार भए पनि पिएचडी र मास्टर्स वाइ रिसर्चको विधि र प्रक्रियामा अल्झिरहेको छ । २ वटा स्कुलको कार्यक्रम भएकोले भर्नाको न्यूनतम योग्यता, अनुसन्धान विधि तथा प्रक्रियाहरूमा अस्पस्टता भए पनि यसलाई समग्रमा स्वागत नै गरिएको छ । तर कलाकार हरूलाई अनुसन्धानको निश्चित उद्देश्यमा बाँध्न र त्यसैअनुसार डोर्याउन पनि एउटा वैज्ञानिक तथा प्राविधिकलाई चुनौती हुँदोरहेछ ।

हाम्रासामु धेरै अनुत्तरित प्रश्नहरू हुन सक्छन् । त्यस्ता प्रश्नहरूको उत्तर आफैं त नपाइएला, तर प्रश्नहरूको उत्तरको इमानदारीपूर्वक खोजीको प्रयास भने हुनुपर्छ । यस्तै प्रयास आर्ट र इन्जिनियरिङको सहकार्यमा पनि हुन सक्छ ।

पिएचडी तहमा अनुसन्धान गरेर यस्ता धेरै प्रश्नहरूको उत्तर खोज्न सकिन्छ । उत्तर नजाने पनि प्रश्नहरूलाई यहाँ लिपिवद्ध गर्न कोशिस गरेको छुँ ।

१. नेपालमा धातुको उत्खनन, प्रशोधन र प्रयोग कहिलेदेखि भएको होला ? यससम्बन्धी ज्ञान र सीप कसरी प्राप्त भएको होला र त्यसको विभिन्न पुस्तामा कसरी हस्तान्तरण भएको होला ?

२. नेपालमा धातु उद्योगले विगतमा अर्थतन्त्रमा के-कस्तो योगदान दिएको होला ?

३. धातु कार्यको जिम्मेवारी जातीय वर्णमा मात्र किन सीमित रहेको होला ? जातीय अर्थतन्त्रको देशको मुख्य अर्थतन्त्रमा के-कस्तो योगदान थियो ?

इतिहासदेखि वर्तमान केलाउँदा के कति जनसंख्याले धातुकलामा योगदान दिइरहेको होलान् वा त्यसमा आश्रित भइरहेका होलान् ?

४. पित्तल तथा ढलौटको मूर्ति तथा भाँडावर्तन निर्माणमा किन नेवार, त्यसमा पनि शाक्य, कंशाकार आदि जातिको बाहुल्य रहेको होला ?

५. शाक्यहरू कहिलेदेखि र कसरी देशका विभिन्न भागमा छरिएका होलान् ? के यसको केन्द्रविन्दु पाटन (ललितपुर) नै हो ? ललितपुरमा यसको उद्गम कसरी भएको होला ?

६. नयाँ पुस्तामा पनि यसको आकर्षण छँदै छ कि, यसमा ह्रास आएको छ ? यो आकर्षण बढाउन के गर्नुपर्ला ? जातीय सीपलाई आधुनिक इन्जिनियरिङको सीपसँग जोडन के गर्नुपर्ला ?

७. धातुकलामार्फत् नेपाली धर्म, कला, संस्कृति, परम्परा जोगाउन, त्यसलाई अझ परिस्कृत गर्न र त्यसको विस्तार गर्न के गर्नपर्ला ?

८. परम्परागत ज्ञान र सीपलाई आधुनिक प्रविधिमा रूपान्तरण गरेर अर्थतन्त्रलाई कसरी योगदान पुर्याउन सकिएला

९. अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी हुन धातु उद्योगको गुणस्तर र अर्थतन्त्रमा के कस्तो सुधार र परिवर्तन गर्नुपर्ला ?

आशा छ, यी र यस्तै अनगिन्ती प्रश्न र जिज्ञासाहरूको अनुसन्धान वैज्ञानिक तरिकाबाट गर्दै आर्ट र इन्जिनियरिङ, सहकार्यमार्फत परम्परा संरक्षण गर्दै विकासमा हातेमालो गर्नु छ ।

आभूषण कलाको कुरा

नारीहरू आफैँमा सुन्दर हुन्छन् । त्यसमा पनि उनीहरू आभूषण र गहनाहरूले सजिएपछि सुन्दरताको पराकाष्ठा नै हुन्छ । पुरुषहरू त्यसैमा लठ्ठ हुन्छन् । आधा आकाश ढाकेका सुन्दर प्रकृतिमा सुन्दरता थप्न आभूषण/गहनाले महत्वपूर्ण भूमिका खेल्छ । अमूल्य नारीमा बहुमल्य गहनाले सिंगार्दा यसको अर्थतन्त्र के होला । अविकसित होस् वा विकासशील र विकसित, सबै राष्ट्रमा, सबै देश, संस्कृति र समाजमा नारीहरू आ-आफ्नै प्रकारका गहनाले सु-सज्जित हुन्छन् । विश्वमा गहनाबजारको मूल्य २७८ बिलियन अमेरिकी डलरको छ । जुन नेपालको वार्षिक बजेटको लगभग २० गुणा हो । नेपालमा गहना तथा आभूषणको बजारको मुख्य हिस्सा सुन, चाँदी तथा रत्नहरूको मूल्यले ओगट्छ होला । नेपालका लगभग ५२७ रत्न तथा आभूषण व्यवसायीहरू नेपाल रत्न तथा आभुषण संघमा आवद्ध छन् भने तिनका ती व्यवसायमा १० हजारभन्दा बढी कालिगढहरू कार्य गर्दछन् ।

नेपालमा वार्षिक १५-२० मेट्रिक टन चाँदीजन्य गरगहना उत्पादन भइरहेको छ भने वार्षिक ५० मेट्रिक टन उत्पादन गर्ने क्षमता छ । यति ठुलो अर्थतन्त्रको अंग हुँदाहुँदै यो क्षेत्र न त खासै कलाको अंग हुन सक्यो न त इन्जिनियरिङकै अंग हुन सकेको छ । कला र इन्जिनियरिङको संगम गराई रत्न तथा आभूषण उद्योग तथा व्यवसायलाई योगदान पुर्याउन सकिन्छ ।

नेपाली महिलाहरूले आदिकालदेखि नै आफ्नै मौलिक गरगहनाहरू पहिरिँदै आएका थिए ।

फोटोग्राफीको विकास र प्रयोग धेरैपछि भएकोले नेपाली महिलाहरूले के कस्ता गहना लगाउँथे भनेर ठ्याकै भन्न नसकिएला । त्यस्तै नेपालमा पुराना व्यक्तिगत चित्रहरू पनि उपलब्ध छैनन् ।

त्यसैले सामाजिक रूपमा महिलाले पहिरिएका गर-गहनाहरूको इतिहास यही हो भन्न नसकिए पनि नेपालका मूर्तिहरू, पौभा चित्रहरू र थाङ्काहरूमा, धार्मिक चित्रहरूमा अंकित गरगहनालाई नेपाली मौलिक गरगहनाको रूपमा लिन सकिन्छ ।

नेपाली बजारलाई पनि आधुनिक गहना परम्पराले बिस्तारै पछ्याउँदै गएको छ । म सन् १९९३ मा हल्यान्डमा तालिममा गएको थिएँ ।

नेपालबाट हल्यान्ड जानुअघि नै बिहेको पक्कापक्की गरेर गएकोले घरबाट औँठी र गहना किनेर ल्याउने सुझाव थियो । पहिलोपटक त्यसबेला गहनाबजार, प्रशोधन प्रविधि र त्यसको सम्भावनाबारे केही थाहा भएको थियो । अन्यथा इन्जिनियरको रूपमा खालि ठुला ठुला यन्त्र र उपकरणमा मात्र आँखा लाग्दथ्यो ।

यसपछि सन् १९९७/९८ मा भारतको बिट्स पिलानीमा अध्ययन गर्दैगर्दा आफूले पढिरहेको रोबोटिक्स विषयको प्रोजेक्ट गर्दा हिरालाई कसरी कटान गर्छन् होला र त्यसको आकारको गुणस्तर कसरी मापन गरिन्छ होला भन्ने जिज्ञासा लाग्यो र मानिसको हात नभई रोबोटले हिरा कटाइ र प्रशोधन गर्न पर्यो भने कति जटील होला भनी अध्ययन गरेँ र एउटा कार्यपत्र तयार गरेँ ।

सो कार्यपत्रपछि डा.मनिष पोखरेलले नेपाल कम्प्युटर एसोसिएसनको, क्यान इन्फोटेकको प्रकाशनमा प्रकाशित गरिदिनुभयो । गहना निर्माण र अत्याधुनिक प्रविधिको मिलापको त्यो मेरो पहिलो अनुभव थियो ।

थाइल्यान्ड, भारत तथा श्रीलंकाजस्ता देशहरूमा नेपालीहरू पनि पर्यटक भएर उल्लेख्य संख्यामा जाने गरेका छन् । म पनि मेरी श्रीमतीसँग थाइल्यान्ड तथा श्रीलंका भ्रमणमा गएको अनुभव छ ।

पर्यटक भ्रमणका गन्तब्यमध्ये रत्न तथा गहना डिजाइन तथा निर्माण कारखाना पनि एक मुख्य गन्तव्य हो ।

बालबालिका लोभ्याउन सुपरमार्केटहरूले चकलेट उनीहरूले देख्ने र भेट्ने स्थानमा राख्ने रणनीतिजस्तै पर्यटनसँग व्यापार वृद्धि गर्ने रणनीतिमा रत्न तथा गहना उद्योगमा दम्पतीहरूलाई भ्रमण गराउनु पनि हो । बालबालिकाको चकलेट हठजस्तै श्रीमान्हरू पनि श्रीमतीका प्रेममा फसेर आभूषणको व्यापार त बढाइदिइहाल्छन् । तर पर्यटन हाम्रो महत्वपूर्ण एजेन्डा भए पनि यस्ता विषय हाम्रो प्राथमिकतामा परेन ।

मूर्तिलाई म सामान्य रूपमा एउटा मानव तथा देवी आकृतिलाई मात्र मान्थे । तर काठमाडौं विश्वविद्यालयमा स्थापना हुँदै गरेको सरस्वती मूर्ति हेर्न तेजेशमान शाक्यको घर जाँदा अर्को कलाकार कीर्तिमान शाक्य गहना डिजाइनमा घोत्लिरहनुभएको पाएँ ।

श्रीमतीले पहिरेको गहनाको दर्शन के हो कहिल्यै सोचेको थिइनँ, खाली सुन्दरता मात्र अनुभव गरेको थिएँ ।

तर देवीदेवतामा सुसज्जित गहनाका आफ्नै विशेषता र दर्शन हुँदा रहेछन् । नेपालमा परम्परागत रूपमा शाक्य (बाँडा) तथा सुनारहरू गहना डिजाइन तथा उत्पादनमा सहभागी हुँदै

बाकी पेज नं ८ मा

# एक वर्षदेखि बिनासमिति सञ्चालनमा जन जागृति मावि, राजनीतिक स्वार्थले अवरोध



जनतापत्र, चौतारा

चौतारा साँगाचोकगढी नगरपालिका-१२ स्थित जन जागृति माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) गठन नहुँदै एक वर्ष बित्न लागेको छ। स्थानीय राजनीतिक हस्तक्षेप र आन्तरिक स्वार्थले समितिको गठन प्रक्रिया पटक-पटक अवरुद्ध हुँदै आएको छ।

वि.सं. २००७ सालमा स्थापना भएको जिल्लाकै पुरानो शैक्षिक संस्था मानिने यस विद्यालयमा गत वर्ष असोज २२ गते पूर्वसमितिको कार्यकाल सकिए पनि हालसम्म नयाँ समिति गठन हुन सकेको छैन। अभिभावकहरूका अनुसार, २७ जना अध्यक्ष पदको दावेदार भएपनि आपसी सहमति नहुँदा प्रक्रिया निष्क्रिय बनेको हो। विद्यालय प्रशासनले फागुन १२ गते अभिभावक भेला बोलाएर समिति गठनको प्रयास गरे पनि सहमति जुट्न सकेन। त्यसयता पाँच-छ पटक प्रयास गरिए पनि निष्कर्ष निकाल्न सकिएको छैन।एक अभिभावक कार्पो लामाले भने, "हामी आफैंमध्येबाट कसैलाई अध्यक्ष चयन गरौं भन्ने सहमति हुँदै थियो, तर बाहिरी व्यक्तिलाई अध्यक्ष बनाउने दबाब आएपछि विवाद बढ्यो।" अर्का अभिभावकले आक्रोश व्यक्त गर्दै भने, "यदि यस्तै अन्योल रहिरह्यो भने हामी आफैं अभिभावकहरूको भेला गरेर समिति गठन गर्छौं। गैर-अभिभावकलाई अध्यक्ष स्वीकार्य छैन। बालबालिकाको भविष्यमा राजनीति गर्नु हुँदैन।" अब सहमति सम्भव नदेखिएपछि निर्वाचन प्रक्रियाबाट समिति गठन गर्नु उपयुक्त विकल्प हो। तर, तीन महिनादेखि विद्यालयमा कुनै बैठक वा छलफल नभएको अभिभावकहरूको गुनासो छ।

स्थानीय सरकार, विद्यालय प्रशासन र नगरपालिकाको शिक्षा शाखा सबैको निष्क्रियता र उदासीनता नै समितिको गठनमा मुख्य बाधक भएको उनीहरूको आरोप छ। बालबालिकाको शिक्षामा प्रत्यक्ष असर परेको भन्दै अभिभावकहरूले चाँडो समस्या समाधान गर्न स्थानीय सरकारसँग माग गरेका छन्।

# पाँचपोखरी–भैरवकुण्ड यात्रामा....

प्रश्न उठ्न थालेको छ। जनै पूर्णिमाको बेला तीर्थालुको भीडसँगै केही स्थानीय व्यवसायीले मनपरी मूल्य निर्धारण गर्ने गरेको गुनासो वर्षेनी दोहोरिन्छ। सामान्य अवस्थामा पाँच सयदेखि एक हजार पर्ने कोठाको भाडा दोब्बर-तेब्बर बनाउने, साधारण खाना अत्यधिक मूल्यमा बेच्ने, र 'प्याकेज' भन्दै विज्ञापन गरी पछि थप शुल्क लिने जस्ता क्रियाकलाप भएका उदाहरणहरु छन्।

त्यस्तै, आधारभूत सुविधा–तातोपानी, सरसफाइ, तौलिया, ओछ्यान–जस्ता कुरामा पनि ध्यान नदिइने, पानीको गुणस्तर परीक्षण नहुनु, र बढी भिड भएको बहानामा सेवा घटाइने स्थिति देखिन्छ। कतिपय अवस्थामा तीर्थालुलाई डर त्रास देखाएर महँगो सेवा लिन बाध्य बनाउने, गलत सूचना दिने वा अनावश्यक रूपमा अल्मल्याउने कामसमेत भएको भनिन्छ। यस्ता व्यवहारले धार्मिक यात्राको सम्मानमा आँच आउँछ र स्थानीय पर्यटनको साखमा समेत प्रश्न उठ्न सक्छ। तयारीसहित यात्राः तीर्थालुले यात्रा अघि गन्तव्यबारे जानकारी लिनु, होटलको दररेट बुझ्नु, सम्भव भएमा समूहमा जानु र स्थानीय गाइडको सहयोग लिनु उपयुक्त हुन्छ।

मूल्यसूची अनिवार्य बनाउने। अस्थायी स्वास्थ्य सेवा र प्राथमिक उपचारको व्यवस्था गर्ने, स्वयम्सेवी परिचालन गर्ने, होटल व्यवसायीसँग समन्वय गरी न्यूनतम मूल्यमा सेवा दिन लगाउने, गुणस्तरीय सेवा सुनिश्चित गर्दै भक्तजनप्रति सम्मानजनक व्यवहार गराउनेले अझै व्यवस्थित हुने देखिन्छ ।

धार्मिक पर्वमा सेवाबाट लाभ लिनु अनुचित होइन। तर भक्तजनको श्रद्धामा खेलबाड गर्नु गम्भीर नैतिक प्रश्न हो। यस्ता कार्यले न केवल व्यक्तिको आस्था घात गर्दछ, स्थानीय पर्यटनको विश्वसनीयता पनि घटाउँछ । सरकार, स्थानीय प्रशासन र समुदायले मिलेर पारदर्शिता, इमान्दारी र सहानुभूतिपूर्ण सेवा प्रदान गर्न सके–पाँचपोखरी र भैरवकुण्डजस्ता तीर्थस्थलहरु नेपालको गौरवमय गन्तव्य बन्नेछन्।

# आयल स्टोरहरूमा ठगी र अनियमितता, सरकारी टोलीको एकाएक अनुगमन

जनतापत्र, चौतारा

तेलमा मिलावट, मापनमा हेरफेर र उपभोक्तामाथि ठगी भइरहेको गुनासो तीव्र बनेपछि सिन्धुपाल्चोकका विभिन्न आयल स्टोरहरूमा सरकारी संयन्त्रले कडा अनुगमन थालेको छ।

बुधवार भएको संयुक्त अनुगमन टोलीमा प्रमुख जिल्ला अधिकारी किरण थापा, गुणस्तर तथा नापतौल कार्यालय त्रिपुरेश्वरका निरीक्षक दीपेन्द्र रोकाहा, राष्ट्रिय अनुसन्धानका प्रमुख सुवास कार्की, उद्योग वाणिज्य कार्यालय सिन्धुपाल्चोकका प्रमुख त्रिपुरारी बखेल, र डिएसपी माधवराज खरेलसहितका अधिकारीहरु संलग्न थिए।

टोलीले चौतारा साँगाचोकगढी नगरपालिका-१० सुकुटे, बलेफी गाउँपालिका-६, बलेफी-४ अंधेरी र सानीटारस्थित सुनकोसी तथा अंधेरी आयल स्टोरहरूमा पुगेको थियो। अनुगमनका क्रममा मापदण्ड विपरीत सञ्चालन, दर्ता तथा नवीकरण नहुँदा पनि व्यवसाय गरिरहेको, मापन यन्त्रको अवस्था शंकास्पद रहेको, र उपभोक्ताले सेवा लिँदा पारदर्शिता नभएको पाइएको जनाइएको छ।

निरीक्षक रोकाहाका अनुसार, आयल स्टोरहरूले प्रयोग गर्ने मापन यन्त्र, नवीकरण कागजात, इन्धनको गुणस्तर र उपकरणहरूको अवस्था जाँच गरिएको छ। साथै, सबै कागजातहरु उपभोक्ताले सहजै देख्न सक्ने गरी राख्न निर्देशन दिइएको छ।

नियम मिच्ने स्टोरहरूलाई कारबाही प्रक्रिया अघि बढाइने र नियमित अनुगमन जारी राखिने जनाइएको छ।


## मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

मेलम्ची नगरपालिका, नगरकार्यपालिका कार्यालय, सिन्धुपाल्चोक

# मेलम्ची क्षेत्रका तीन प्रमुख सडक बहुवर्षीय योजना अन्तर्गत निर्माणको माग



जनतापत्र, मेलम्ची

मेलम्ची क्षेत्रका तीनवटा मुख्य सडकलाई बहुवर्षीय योजना अन्तर्गत निर्माण गर्नुपर्ने माग राख्दै मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्न लामिछानेलाई औपचारिक ज्ञापनपत्र बुझाइएको छ। पूर्वमन्त्री तथा नेकपा (एमाले) का स्थायी कमिटी सदस्य शेरबहादुर तामाङ नेतृत्वको प्रतिनिधिमण्डलले भेटवार्ताका क्रममा योजना तत्काल कार्यान्वयन गर्न आग्रह गरेको हो।

प्रतिनिधिमण्डलले चालु आर्थिक वर्षमै योजना कार्यान्वयन शुरु हुनुपर्नेमा जोड दिँदै बहुवर्षीय टेन्डर प्रक्रिया अगाडि बढाउन अनुरोध गरेको थियो।

कार्यकारी निर्देशक लामिछानेले मेलम्ची खानेपानी बोर्डको बैठक बोलाएर योजना अघि बढाउने प्रतिबद्धता जनाएका छन्। बहुवर्षीय योजनामा समावेश हुने प्रस्तावित सडकहरूमा

मेलम्ची-हेलम्बु-सिन्धुपाल्चोक सडक, प्रारम्भिक बजेटः २६ करोड ९० लाख, प्रस्तावित बहुवर्षीय बजेटः १ अर्ब ७ करोड ६० लाख, मेलम्ची-थाङपालधाप-थाङपालकोट-भोताङ-लार्के सडक, चालु वर्षको बजेटः ६ करोड, प्रस्तावित बहुवर्षीय बजेटः २४ करोड, फट्टै-दाउचेत-केउरिनी-बाँसखर्क-बरुवा-बोलगम-ल्यांग्री सडक, प्रारम्भिक बजेटः ४ करोड, प्रस्तावित बहुवर्षीय बजेटः १६ करोडको रहेको छ ।

पूर्वमन्त्री तामाङले सडक पूर्वाधार लाई समृद्धिको मेरूदण्ड भन्दै मेलम्ची, हेलम्बु, र पाँचपोखरी क्षेत्रको समग्र विकासमा यी सडकहरूको योगदान अत्यन्त महत्वपूर्ण हुने बताए। उनले राष्ट्रिय योजना आयोगदेखि अर्थ मन्त्रालयसम्म समन्वय गरेर योजना कार्यान्वयनमा दृढता देखाउने आश्वासन पनि दिए।

ज्ञापनपत्र बुझाउने टोलीमा एमाले नेताहरु बालकृष्ण देउजा, हस्त पण्डित, टासी लामा, कृष्ण गोपाल तामाङ, दावा लामा ह्योल्मो, निर्मल बन्जारा, बेनबहादुर पण्डित, शालिग्राम अधिकारी, सरोज गजुरेल लगायतको उपस्थिति थियो। उनीहरूले मन्त्रालयहरु सँग सहकार्य गरेर बजेट तथा कानुनी प्रक्रिया अघि बढाउने बताए।

बहुवर्षीय टेन्डर प्रक्रिया प्रारम्भ हुने संकेतसँगै मेलम्ची, हेलम्बु र पाँचपोखरी क्षेत्रका स्थानीयवासीहरूमा उत्साह देखिएको छ। यी सडकहरूले नजिक भविष्यमा पर्यटन प्रवर्द्धन, यातायात सुलभता र आर्थिक गतिविधिमा ठूलो परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

# गोसाइँकुण्ड जाने तीर्थयात्रीलाई गुणस्तरीय सेवा दिन निर्देशन, कालो बजारी नियन्त्रणमा प्रशासन सक्रिय



जनतापत्र, चौतारा

जनैपूर्णिमा अवसरमा गोसाइँकुण्ड पुग्ने तीर्थयात्रीलाई गुणस्तरीय र सर्वसुलभ सेवा सुनिश्चित गर्न होटल व्यवसायीलाई निर्देशन दिइएको छ। जिल्लाका धार्मिक मार्गमा रहेका होटल तथा अस्थायी लजहरूको अनुगमन गरी निर्धारित दररेटमा खाना र बासको व्यवस्था गर्न आग्रह गरिएको जिल्ला अनुगमन समितिले जनाएको छ। विगतमा यात्रुहरु ठगिएको गुनासो बढेपछि जिल्ला प्रशासन कार्यालयको पहलमा सहायक प्रमुख जिल्ला अधिकारी ध्रुवप्रसाद अधिकारीको नेतृत्वमा स्थलगत निरीक्षण गरिएको थियो। स्थायी संरचनाका होटलदेखि थर्कु (अस्थायी छात्रो) सम्मको अनुगमनमा गुणस्तरहीन खाना, अस्वच्छ बसोबास, मूल्यसूचीबिनाको मनोमानी असुली, बिलबिजक नराख्नेजस्ता अनियमितता देखिएको बताइएको छ "व्यवसाय सञ्चालन गर्दा उपभोक्ता संरक्षण ऐनको पालना गर्न होटल व्यवसायीलाई कडाइका साथ निर्देशन दिइएको छ," संयोजक अधिकारीले बताए। प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलको नेतृत्वमा कालोबजारी नियन्त्रण तथा तीर्थयात्रीको सुरक्षालाई ध्यानमा राख्दै सादा पोशाकका प्रहरी पनि परिचालन गरिएको प्रशासनले जनाएको छ। स्थानीयवासीहरूले प्रशासनको पहललाई सकारात्मक रूपमा लिँदै तीर्थाटन सहज बनाउन यस्ता कदम आवश्यक भएको बताएका छन्।

# किशोरीले बच्चा जन्मिएपछि खुल्यो बलात्कारको घटना

जनतापत्र, चौतारा

पेट दुखेपछि अस्पताल पुर्‍याइएकी एक किशोरीले शिशु जन्माएपछि बलात्कारको घटनाबारे पर्दाफास भएको छ। साउन २० गते अस्पताल लगिएकी ती किशोरीले सोही दिन बच्चा जन्माएपछि अस्पतालले प्रहरीलाई जानकारी दिएको थियो।

अस्पतालमा शिशु जन्मिएपछि प्रहरीको टोलीले सोधपुछ गर्दा किशोरीले आफू बलात्कारको सिकार बनेको जानकारी दिएकी हुन्। जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका प्रवक्ता माधव खरेलका अनुसार, किशोरीले पटक-पटक जबरजस्ती करणी गरिएको विवरण दिएको बताइएको छ। बयानका आधारमा ५० वर्षीय एक पुरूषलाई पक्राउ गरी अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार किशोरीले सुरुमा आफूमाथि भएको घटनाबारे परिवारलाई समेत केही नबताएको र पेट दुखेपछि मात्रै अस्पताल ल्याइएको खुलासा भएको छ। परिवारले समेत गर्भवती भएको थाहा नपाएको जनाइएको छ।


## मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने, मानिसलाई खरिद विक्री गर्ने र जबरजस्ती काममा लगाउने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने, वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

हेलम्वु गाउँपालिका, गाउँपालिकाको कार्यालय,सिपा. सिन्धुपाल्चोक

# सिन्धुपाल्चोकमा सामुदायिक वन दिवसमा वृक्षारोपण



जनतापत्र, चौतारा

चौतारा साँगाचोकगढी नगरपालिका-८ इर्खुमा सामुदायिक वन दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ। वातावरण संरक्षण र वन व्यवस्थापनमा स्थानीय समुदायको सक्रिय भूमिका सुनिश्चित गर्न आयोजित कार्यक्रममा स्थानीय निकायका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, वन कार्यालयका कर्मचारी तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति थियो।

यो कार्यक्रम सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, सिन्धुपाल्चोकको आयोजनामा सम्पन्न भएको हो। कार्यक्रममा सब-डिभिजन वन कार्यालय चौतारा र वडा नं ८ कार्यालयको सहयोग तथा रानीपोखरी सामुदायिक वन उपभोक्ता समितिको सहकार्य रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि तथा वडा अध्यक्ष अमृत दंगालले वृक्षारोपण केवल औपचारिक कार्य नभई दीर्घकालीन उत्पादन र आयआर्जनको माध्यम बन्नुपर्नेमा जोड दिए। उनले वन उपभोक्ता समूहहरु सक्रिय रहे वनसँग सम्बन्धित उद्योग तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरी समुदायको आर्थिक सशक्तिकरण गर्न सकिने बताए।

महासंघका पूर्व केन्द्रीय सदस्य रामचन्द्र बस्नेत, बागमती प्रदेश सदस्य टिका सुवेदी, बागमती प्रदेशका पूर्व सदस्य नेत्र धिताल, डिभिजनल वन कार्यालय सिन्धुपाल्चोकका प्रतिनिधि रमेश दुलाल, सब-डिभिजनल वन कार्यालय चौताराकी कमला श्रेष्ठ, रानीपोखरी वन उपभोक्ता समूहका पदाधिकारीलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले समेत उपस्थिति थियो।

वक्ताहरूले सामुदायिक वनलाई केवल काठ, दाउरा वा घाँसको स्रोतका रूपमा मात्र नभई वातावरणीय सन्तुलन, माटो संरक्षण, पानीका स्रोतहरूको संरक्षण र पर्यटन विकाससँग पनि जोड्नुपर्नेमा जोड दिए। कार्यक्रमको अध्यक्षता सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष जनक गिरीले गरेका थिए। उनले सामुदायिक वन दिवसलाई केवल उत्सवको रूपमा नभई वनको महत्वबारे सचेतना जगाउने अवसरका रूपमा लिनुपर्ने बताए। कार्यक्रममा सञ्चालन कार्यक्रम संयोजक यज्ञ दंगालले गरेका थिए। सामुदायिक वन दिवसकै अवसरमा भोलि इर्खु माध्यमिक विद्यालयमा "वातावरण संरक्षणका लागि समृद्ध वन व्यवस्थापनमा हाम्रो भूमिका" विषयक वक्तृत्वकला प्रतियोगिता हुने जानकारी महासंघकी जिल्ला सदस्य रन्जना श्रेष्ठले दिइन्। उक्त प्रतियोगितामा नगरभरका विद्यालयका विद्यार्थीहरु सहभागी हुनेछन्। प्रतियोगिताको उद्देश्य नयाँ पुस्तामा वन संरक्षण र वातावरणीय सचेतना बढाउनु रहेको छ।




## मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।**
**त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

**चौतारा साँगाचोकगढी नपा.**
**वडा नं. १० को कार्यालय,सि.पा**

## मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक**

# चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १४ को घुम्ती शिविर काठमाण्डौंमा



जनतापत्र, चौतारा

चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १४ ले सामाजिक सुरक्षा भत्ता नवीकरणसहितका विभिन्न सेवाहरूलाई सहज र पहुँचयोग्य बनाउन घुम्ती शिविर सञ्चालन गरेको छ।

शिविरमार्फत वडा क्षेत्रका बासिन्दालाई काठमाण्डौंको विभिन्न क्षेत्रमा घुम्ती शिविर सञ्चालन गरेको हो ।

शिविरको सञ्चालनमा वडा अध्यक्ष उद्दब नेपाल, वडा सचिव पुनम भण्डारी, स्वास्थ्य इकाइ प्रमुख अमृत लामा र कार्यालय कर्मचारी जीवन भण्डारीको सक्रिय भूमिका रहेको थियो। निर्धारित तालिका अनुसार २१ साउनमा कोटेश्वर, २२ साउनमा कपनस्थित रियस्का मोटर ड्राइभिङ, २३ र २४ साउनमा मुलपानीस्थित थ्री–एस मोटर ड्राइभिङमा सेवा प्रदान गरिएको थियो।

चार दिनसम्म चलेको शिविरमा करिब २२० जनाले सेवा लिएका थिए। यसमध्ये २३ साउनमा मुलपानीमा मात्र ७९ जना सेवाग्राही उपस्थित थिए। सामाजिक सुरक्षा भत्ता नवीकरण बाहेक स्वास्थ्य सम्बन्धी परामर्श तथा आवश्यक कागजी प्रक्रिया सम्बन्धी सहयोग पनि गरिएको वडा कार्यालयले जनाएको छ।

वडा अध्यक्ष उद्दब नेपालका अनुसार आगामी दिनमा महिनामा एक पटक काठमाडौंमै घुम्ती शिविर सञ्चालन गरिनेछ। साथै गाउँ क्षेत्रमा पनि टोलटोलमा पुगेर एक हप्तासम्म घरदैलो सेवा सञ्चालन गरिएको छ, जसबाट विशेषगरी वृद्ध, अशक्त, अपांग र दूरदराजका नागरिकहरु लाभान्वित भएको जनाइएको छ।

वडा कार्यालयले यस्तो पहलले सेवाग्राहीको समय र खर्च बचत हुने, सेवामा पहुँच सहज हुने र स्थानीय सरकारप्रति विश्वास बढ्ने अपेक्षा लिएको छ।

# जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न, चण्डेश्वरी स्कुल दुबै विधामा प्रथम



जनतापत्र, चौतारा

प्याब्सन निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन, नेपाल० सिन्धुपाल्चोकको आयोजनामा जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगिता आज चौतारास्थित जुगल बोर्डिङ हाई स्कुलमा भव्य रूपमा सम्पन्न भएको छ।

'सांस्कृतिक सम्पदा : हाम्रो पहिचान, हाम्रो गौरव' भन्ने मूल नारासहित सम्पन्न उक्त प्रतियोगितामा जिल्लाका विभिन्न माध्यमिक तहका संस्थागत विद्यालयका विद्यार्थीहरूले नेपाली र अंग्रेजी दुबै भाषामा आ–आफ्नो प्रस्तुति दिएका थिए।

प्रतियोगिताको नेपाली र अंग्रेजी दुवै विधामा चण्डेश्वरी इंग्लिस बोर्डिङ स्कुल, खुर्सानीबारी, बाह्रबिसेले प्रथम स्थान प्राप्त गरेको छ। उक्त विद्यालयका प्रसिस बस्नेत ९नेपाली० र नेहा लिम्बू ९अंग्रेजी० ले उत्कृष्ट प्रस्तुतिसहित पहिलो स्थान हात पारेका हुन्।

त्यस्तै, प्रगति अंग्रेजी माध्यमिक विद्यालय, मेलम्चीका निकेश कडरिया र युनिका थापाले दोस्रो स्थान प्राप्त गरे भने केतु बोर्डिङ स्कुल, बाह्रबिसेका आशिष पाखिन ९नेपाली० र ग्रिनल्याण्ड सेकेन्डरी स्कुल, लामोसाँघुकी जेनी श्रेष्ठ ९अंग्रेजी० ले तेस्रो स्थान हात पारेका थिए।

सान्त्वना स्थानमा सदाबहार एकेडेमीकी दिभा थापा ९नेपाली० र ग्रिनल्याण्ड स्कुलकी खुशी श्रेष्ठ ९अंग्रेजी० परेका छन्।

कार्यक्रममा प्याब्सनका केन्द्रीय सदस्य कर्मवांगेल लामा, वागमती प्रदेश उपाध्यक्ष ऋषिराम नेपाललगायत विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो। स्वागत मन्तव्य प्याब्सन प्रदेश सहसचिव ओमप्रकाश उप्रेतीले राखेका थिए भने कार्यक्रमको सञ्चालन प्याब्सन सिन्धुपाल्चोकका सचिव नवराज दनुवारले गरेका थिए ।नेपाली भाषाको निर्णायकको भूमिकामा अमित घिमिरे र सुन्दर शिरीष तथा अंग्रेजी भाषामा दिल कार्की र विजयकुमार श्रेष्ठले जिम्मेवारी निर्वाह गरेका थिए।प्याब्सन सिन्धुपाल्चोकका अध्यक्ष बुद्धिप्रसाद आचार्यको सभापतित्वमा सम्पन्न कार्यक्रमबाट उत्कृष्ट भएका सहभागीहरूले श्रावण ३० गते नुवाकोटमा हुने प्रदेश स्तरीय प्रतियोगितामा जिल्लाको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्ने प्याब्सनले जनाएको छ।

मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

चौतारा साँगाचोकगढी नपा.वडा नं. १४ को कार्यालय,सि.पा

## निष्ठाबिनाको संवैधानिक....

देशमा सुशासनको अभावमा व्यापक रूपमा विस्तारित हुँदै गरेको असन्तुष्टि र अराजकताको स्थितिलाई सम्बोधन गरी आमजनतालाई आस्वस्त बनाउने गरी राजनीतिक अठोट देखिनुपर्‍यो । दक्ष, व्यवसायी, इमानदार र योग्य व्यक्तिलाई पाखा लगाएर राज्य संयन्त्रलाई दलीय आधारमा कब्जा गर्ने अराजनीतिक र प्रत्युत्पादक सोच र व्यवहारमा रोक लाग्नु जरुरी छ । राष्ट्र निर्माणका लागि राष्ट्रिय सहमति बनाएर मुलुकलाई अगाडि बढाउने कुरामा ध्यान जानुपर्नेमा केवल सत्ता, शक्ति र आफ्नो सुरक्षाका लागि सहमति गर्ने प्रवृत्तिले व्यापक असन्तोषको अवस्था सिर्जना गरेको छ ।

फलानो यति पटक प्रधानमन्त्री भयो, त्यसकारण म उसलाई उछिन्ने गरी प्रधानमन्त्री बन्नुपर्छ भन्ने मान्यताले राजनीति गर्ने हो भने नेतृत्वको राजनीतिक उचाइ कहिल्यै बढ्दैन ।

बीपी कोइराला त जम्माजम्मी १८ महिना मात्र प्रधानमन्त्री हुन पाए ।

तर हामी आज पनि उनैलाई सम्झिरहेछौं ! केही हदसम्म सस्तो लोकप्रियताको राजनीति, गैरजिम्मेवार रूपमा सामाजिक सञ्जालको प्रयोग, बेरोजगारी, प्रायोजित रूपमा सञ्चालित अराजकताको स्थितिले समाजमा अन्योल र अस्थिरता निम्त्याइरहेको भए पनि त्यसको मूल कारणचाहिँ शासकीय अक्षमता नै हो । जसका लागि सबै राजनीतिक दल कुनै न कुनै रूपमा दोषभागी छन् ।

जनताप्रति जिम्मेवार भएर दलीय स्वार्थभन्दा माथि उठी योग्यता र दक्षताका साथ राज्य सञ्चालन गरी सुशासन, डेलिभरी र अवसरको न्यायोचित वितरणको प्रत्याभूति गर्न सक्ने हो भने अहिले पनि मुलुक अगाडि बढ्ने प्रशस्तै आधार छन् । संवैधानिक र राजनीतिक संरचना सही हुँदाहुँदै पनि आम जनसमुदायसँग संवाद गर्न सक्ने, जनतालाई आश्वस्त पार्न सक्ने राजनीतिक नेतृत्वको क्षमताको अभावले जनतामा पैदा गरिएको भ्रम, असन्तोष र अराजकताको स्थितिले मुलुकलाई कता लाने हो, अहिले नै यसै भन्न सकिने अवस्था छैन ।विद्यमान संविधानले राम्रो काम गर्न र शासन प्रशासन सञ्चालन गर्न कतै अप्ठ्यारो पारेजस्तो लाग्दैन । तर अहिलेको अवस्थामा 'कस्मेटिक' लोकतन्त्रले मात्र काम चल्ने अवस्था छैन । राज्यको डेलिभरी क्षमतामा व्यापक सुधार र विस्तार हुनु जरुरी भइसकेको छ । संशोधनका नाममा संविधानमाथि राजनीति नगरौं ।

हेक्का रहोस्, बाह्य स्वार्थमा संविधानको संशोधन र आफ्नो स्वार्थका लागि छिमेकलाई प्रयोग गर्ने प्रवृत्तिले हामी देशमा संवैधानिक स्थायित्व कायम राख्न सक्दैनौं । संवैधानिक स्थायित्वका सन्दर्भमा वस्तुनिष्ठ भएर ' निरन्तरतासहितको परिवर्तन' अर्थात् संविधान संशोधन र व्याख्याद्वारा अघि बढ्ने नीतिलाई आत्मसात् नगर्दासम्म नेपालमा संवैधानिक स्थायित्व कायम हुनै सक्तैन ।

(कान्तिपुरबाट)


## युवा सशक्तिकरण गरौं ।

*युवा सशक्तिकरण किन:*

नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन, राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न, स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न, कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न, समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,

नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

नेपाल सरकार
विज्ञापन वोर्ड


## धातु मूर्तिकला र आभूषण.....

आएका जाति हुन् । यो व्यवसाय त्यही जातिबाट अन्य जातिमा पनि सरिसकेको हुनुपर्छ । तर तिनैले यस सम्बन्धमा ज्ञान र सीप कसरी पाए होलान् ?

फेसन उद्योगको विकाससँगै सिलाइकटाइ तालिमहरू त हाम्रा समाजमा छ्यापछ्याप्ती थिए तर गहना डिजाइन र उत्पादनको तालिम केन्द्रहरू खासै देखेको थिइनँ ।

गहना डिजाइनर कीर्तिमान शाक्यको बारेमा पनि डा.सुरेशराज शर्माबाट सुनेको थिएँ । सेन्टर फर आर्ट एन्ड डिजाइनका संस्थापक एइडन वार्लोले उहाँको धेरै प्रशंसा गर्नुहुन्थ्यो रे !

काठमाडौँ विश्वविद्यालय सेन्टर अफ आर्ट एन्ड डिजाइनका प्रथम समूहको विद्यार्थी उहाँले काठमाडौँ विश्वविद्यालयमै अध्यापन गर्नुभयो र पाकिस्तान तथा चीनमा समेत गएर गहना डिजाइन तथा उत्पादनको अनुसन्धान र तालिम दिनुभएको छ ।

नयाँ नयाँ कार्य गर्ने जिज्ञासु शाक्यले आफ्नो जिज्ञासालाई फराकिलो बनाउँदै गहना डिजाइन र उत्पादनमा भएको समस्याहरू पहिचान गर्न, त्यस्ता रचनात्मक डिजाइनलाई उत्पादकले बुझ्ने गरी रेखा र नापनक्सा कोर्न तथा आधुनिक गहना निर्माण गर्ने औजारहरू समेतको पहिचान र विकाससमेत गर्ने गरी अनुसन्धानको इच्छा देखाउनु भयो ।

डिपार्टमेन्ट अफ आर्ट एन्ड डिजाइनमा मास्टर तहको कार्यक्रम नभएको, आर्ट एन्ड डिजाइनको दायरा फराकिलो बनाइ आकर्षकसमेत बनाउन आर्ट र इन्जिनियरिङको संयुक्त कार्यक्रमको रूपमा मास्टर वाइ रिसर्च कार्यक्रममार्फत अनुसन्धान गुरु गर्न दुवै स्कुल सहमत पनि भइसकेको छ ।

कला आफैंमा र इन्जिनियर आफैंमा पूर्ण हुँदैन भन्ने अनुभव मैले सन् २०१८ मा भारतको आइआइटी रुडकी (साविकको रुड्की विश्वविद्यालय) भ्रमणको क्रममा अनुभव गरें । रुड्की जस्तो अन्तर्राष्ट्रिय शैक्षिक संस्थामा जलविद्युत्को टर्बाइनमा अनुसन्धान गर्न सक्ने तर वर्कसप वा म्यानुफ्याक्चरिङ ड्इङ गर्न नसक्ने भनेपछि डिजाइन मात्र नभई इन्जिनियरिङ ड्इङ मात्र गर्न सके पनि नेपाली युवालाई थप आकर्षक सम्भावना हुने देखेको छुँ । आधुनिक युवा कम्प्युटरको वरिपरि मात्र रमाउने, भविष्यको उत्पादन प्रकृया स्वचालित हुने हुँदा, परम्परागत डिजाइन तथा उत्पादन प्रकृया जतिसके छिटो परिवर्तन हुनुपर्ने र द्रूतगतिमा विकास हुँदै गएको रत्न तथा आभूषण व्यवसायमा आफ्नो पकड जमाउने र स्थान सुरक्षित राख्न आर्ट र इन्जिनियरिङको सहकार्य जरूरी छ ।

यस्ता सहकार्यलाई औपचारिकतामा मात्र सीमित नगरी आर्ट र इन्जिनियरिङको बहुविषयगत (मल्टी डिसीपलनरी) प्राज्ञिक अनुसन्धान मास्टर वाइ रिसर्चको रूपमा चाँडोभन्दा चाँडो सुरु गर्नसके नेपालमा सबैले डाक्टर वा इन्जिनियर मात्र होइन ' कलाकारिता' पढेरसमेत सम्मानित पेसाको विकास गर्न सकिन्छ । यो एउटा रहर मात्र नभएर आवश्यकता पनि भइसकेको छ, किनभने हिजो मेरो आमा र पत्नीले जस्तो आभूषणलाई सम्पत्तिको स्रोतसमेत ठानेर जसरी उपयोग गर्थे, पक्कै पनि मेरो छोरी, बुहारी रत्न तथा आभूषणलाई सम्पत्ति होइन सुन्दरतामा मात्र हेर्छन् । परम्परागत डिजाइनमा परिवर्तन नगरे भविष्यका पुस्तामा हामीले हाम्रो बजार गुमाउन सक्छौं ।

(प्राडा थापा काठमाडौँ विश्वविद्यालयका पूर्वउपकूलपति हुन् ।)

(सौर्यअनलाइनबाट)


## मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

बाह्रविसे नगरपालिका
नगर कार्यपालिका कार्यालय,सि.पा